बैठक संख्या : १३
बैठक मिति : २०७६।८।२०

छलफल तथा निर्णयहरु

१. अर्थ मन्त्रालयबाट शुरुवाती पुँजीकोष सम्बन्धी (Start-Up Fund) कार्यविधिमा आयोगको राय/सुझाव उपलब्ध गराइदिन माग भई आएको सम्बन्धमा बैठकमा प्राप्त सुझावहरु लाई समेत समावेश गरी आर्थिक व्यवस्थापन महाशाखाले तयार गरेको राय/सुझाव पठाउने ।

२. नेपाल सरकार र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहकार्यमा सञ्चालन गर्ने गरी तयार गरिएको **"Accelerating Implementation of Sustainable Development Goals in Nepal"** विषयक परियोजना दस्तावेज सम्बन्धमा बैठकमा प्राप्त सुझावहरु लाई समेत समावेश गरी आर्थिक व्यवस्थापन महाशाखाले परिमार्जन गरी पठाउन स्वीकृति प्रदान गर्ने ।

३. समपुरक तथा विशेष अनुदान कार्यान्वयन गर्ने सम्बन्धमा अर्थ मन्त्रालयबाट प्राप्त मिति २०७६/०८/१९ को पत्रका सम्बन्धमा जानकारी प्राप्त भयो । यस सम्बन्धमा आयोगका माननीय सदस्यको संयोजकत्वमा गठित समपुरक अनुदान र विशेष अनुदान बाँडफाँट सम्बन्धी समितिबाट नै जवाफ तयार गरी अर्थ मन्त्रालयमा पठाउने ।

४. आर्थिक व्यवस्थापन महाशाखाले अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैङ्क र केन्द्रीय तथ्याङ्क विभागसँग संयुक्तरुपमा छलफल गरी विगत पाँच महिनाको तथ्याङ्कको विश्लेषणका आधारमा आगामी समष्टिगत आर्थिक परिदृष्य **(Macro Economic Outlook)** का बारेमा पौष १५ गते भित्र आयोगमा पेश गर्ने ।